# वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७१

आर्थिक वर्ष २०७२/७३-२०७४/७५ सम्मको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) सहित आर्थिक वर्ष २०७२/७३ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरी २०७१ चैत्रको अन्तिम हप्ताभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा प्रस्तुत गर्ने प्रयोजनका लागि आयोगको मिति २०७१/११/१९ को निर्णयानुसार निम्न बमोजिमको मार्गदर्शन (Guidelines) जारी गरिएको छ ।

## (क) समष्टिगत मार्गदर्शन

१. योजना तथा कार्यक्रम प्रस्ताव गर्दा तेह्रौं योजना (२०७०/७१-२०७२/७३) मा उल्लेखित दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति र प्राथमिकताभित्र रहेर राष्ट्रिय योजना आयोगबाट तयार भएको तेह्रौ योजनाको नतिजा खाकामा समावेस भएका समष्टिगत तथा विषयगत क्षेत्रका नतिजा सूचकहरुमा निर्दिष्ट रणनीतिक लक्ष्य हासिल गर्न सहयोग हुने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

२. वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा क्रमशः मर्मत तथा सम्भार, चालु र क्रमागत आयोजना तथा कार्यक्रमको लागि पर्याप्त विनियोजन प्रस्ताव गरेर मात्र नयाँ कार्यक्रम तथा आयोजना (राष्ट्रिय गौरवका आयोजनासमेत) समावेश गर्ने । साथै, बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा (प्रत्येक बजेट शीर्षक/उपशीर्षकको) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) मा उल्लेख भए बमोजिमको विवरण समेत संलग्न गर्ने ।

३. भैपरी शीर्षकमा बजेट प्रस्ताव नगर्ने ।

४. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा पछिल्ला २ वर्षका लागि आवश्यक पर्ने आयोजनागत खर्चको प्रक्षेपण र प्राथमिकीकरण (१,२ र ३) निर्धारण गरिएको आधार सहितका फाराम समेत संलग्न गर्ने ।

५. प्रत्येक कार्यक्रम/आयोजनाको लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३), गरीवी निवारण संकेत (१ वा २), रणनीतिक संकेत (१-६) र जलवायु परिवर्तन संकेत (१, २ वा ३) सम्बन्धी संकेत उल्लेख गर्ने ।

६. समग्रमा, विनियोजन तथा कार्यक्रम प्रस्ताव गर्दा देहायका विषय/पक्षलाई निम्न पूर्णाङ्क मानी सोही आधारमा प्रस्ताव गर्ने ।

| | | |
|---|---|---|
| (क) भूगोल (क्षेत्रफल) | - | २०% |
| (ख) गरिबी/मानव विकास सूचकाङ्क | - | ३०% |
| (ग) जनसंख्या | - | ३०% |
| (घ) लागत | - | २०% |

७. कुन कामका लागि को जिम्मेवार हुने र कुन क्रियाकलाप कहिले सम्पन्न गरिने हो, सोको स्पष्ट वार्षिक कार्यान्वयन योजना, खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन योजनाको मस्यौदा समेत कार्यक्रम तथा बजेटसंगै संलग्न गर्ने ।

८. कार्यक्रम तथा बजेटको प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System) मा अनिवार्य रुपमा प्रवृष्टि गर्ने । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल हुनुभन्दा अगावै अनिवार्य रुपमा सम्बन्धित निकायले बजेट छलफल गर्ने व्यवस्था मिलाउने र उक्त छलफलमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको प्रतिनिधि आवश्यक भएमा उपस्थितिको व्यवस्था मिलाउने र छलफलको निर्णय समेत राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने ।

९. मन्त्रालयगत बजेट सूचना प्रणालीसँग एकरुपता कायम गर्ने प्रयोजनका लागि यस आयोगबाट जारी गरिएको बार्षिक कार्यक्रम फाराम नम्बर १ को पाना १ लाई परिमार्जन गरिएको छ (परिमार्जित फाराम संलग्न छन्) । परिमार्जित यस फारामको महल १०, ११ र १२ हटाई यस फारामलाई २२ महलमा सीमित गरिएको

छ । साथै अबदेखि उपभोग खर्च र कार्यालय संचालन खर्चलाई पनि चालू खर्चमै समावेस गरिने भएकाले यस फारामको महल नम्बर २ अन्तर्गत हरफहरु (ग) कार्यक्रम खर्चतर्फको जम्मा (घ) उपभोग खर्च, र (ङ.) कार्यालय संचालन खर्च हटाइएका छन् । त्यसैले आइन्दा महल नम्बर ६ को भार निकाल्दा पूँजीगत खर्च र चालू खर्चको रकमलाई छुट्टाछुट्टै जोडी कूल खर्च निकाल्ने र त्यसैलाई आधार मानी भार निकाल्नु पर्दछ । यसै अनुरुप फाराम नम्बर २ अर्थात् प्रगति प्रतिवेदन फाराममा पनि उपभोग खर्च र कार्यालय संचालन खर्चलाई चालू खर्चमै समावेश गरी देखाउनु पर्नेछ ।

## (ख) आयोजना छनौट, कार्यान्वयन तथा अनुगमनसम्बन्धी

१०. अर्को मन्त्रालय वा निकायका आयोजना तथा कार्यक्रमको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने, सहकारी र निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सरकारी निजी क्षेत्रको सहकार्यलाई सहयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिने ।

११. एउटै जिल्लामा कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाहरु केन्द्रीय बजेट शीर्षक/उप-शीर्षक अन्तर्गत प्रस्ताव नगर्ने ।

१२. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई विश्वसनीय, भरपर्दो र व्यावहारिक बनाउने तथा बजेट विनियोजन प्रक्रियालाई कुशल एवं क्रियाकलापमा आधारित बनाउने विषयलाई विशेष महत्व दिने ।

१३. पूर्व सम्भाव्यता/सम्भाव्यता अध्ययन नभएका, विस्तृत डिजाइन नगरिएका, जग्गा प्राप्त भइनसकेका, वातावरणीय प्रभाव मूल्यांकन भइनसकेका, रेखाङ्कन/नक्साङ्कन नभएका र पौष मसान्तसम्म ठेक्का सम्झौता सम्पन्न हुन नसक्ने (खासगरी निर्माणसंग सम्बन्धित) कार्यक्रम तथा आयोजनाको लागि बजेट तथा कार्यक्रम प्रस्ताव नगर्ने ।

१४. आयोजना दस्तावेज (Project Document) का आधारमा मात्र बजेट छलफल गरिने हुँदा छलफलका बखत सो दस्तावेज अनिवार्य रुपमा प्रस्तुत गर्ने र आयोजना दस्तावेज तयार नभएका आयोजना/कार्यक्रमहरुको लागि बजेट प्रस्ताव नगर्ने ।

१५. बहुवर्षीय ठेक्का लगाएका आयोजना/कार्यक्रमहरुमा स्वीकृत बजेट सीमाको परिधिभित्र रहेर बजेट प्रस्ताव गर्ने ।

१६. आर्थिक कार्यविधि नियमावली २०६४, को अनुसूची ३ मा उल्लेख भए बमोजिमको विवरण तयार भई स्वीकृत नभएका कार्यक्रम तथा आयोजनाको लागि बजेट प्रस्ताव नगर्ने,

१७. आगामी आर्थिक वर्षदेखि जिल्लास्तरीय योजनासम्वन्धी वार्षिक कार्यक्रम पुस्तिका आयोगबाट प्रकाशन नगर्ने भन्ने विषयको जानकारी पहिले नै गराइसकेको सन्दर्भमा चालू आर्थिक वर्षमा उक्त पुस्तिकामा परेका तर जिल्ला विकास समितिबाट संचालन हुने गरी जिल्लास्तरीय कार्यक्रममा नपर्ने अर्थात निक्षेपित नभएका जिल्लास्तरीय आयोजनाहरुको मह

१८. औचित्यता तथा आवश्यकता हेरी प्राथमिकताको आधारमा कार्यक्रममा प्रस्तावित गर्ने । त्यस्ता आयोजनाको संख्या धेरै भए आवश्यकताको आधारमा धेरै आयोजनालाई एउटैमा समावेश गरी साधनको सुनिश्चितता हुनेगरी कार्यक्रम प्रस्ताव गर्ने ।

१९. आगामी वर्षको वार्षिक कार्यक्रमलाई व्यबस्थापिका संसदमा वार्षिक बजेट प्रस्तुत हुनु अगावै राष्ट्रिय योजना आयोगमा हुने राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको संयुक्त बैठक तथा छलफलबाट अन्तिम रुप दिईने हुंदा पछि कमभन्दा कम संशोधन गर्नुपर्ने गरी कार्यक्रमको आवश्यकता, कार्यान्वयनमा लैजान चाहिने सम्पूर्ण आधारभूत कुराहरु, साधनको सुनिश्चितता तथा अनुगमन एवम् मूल्यांकनको आधार निश्चित गरी मन्त्रालयगत सीमा (नेपाल सरकार र वैदेशिक सहायता) भन्दा बढीको बजेट तथा कार्यक्रम प्रस्ताव नगर्ने ।